CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

५४

पूर्णाङ्क

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu



CC-0. Nepal Sanskrit Academy, Kathmandu

का. मे. अ. द. नं १५५।२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

१८ वर्ष २ अङ्क

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

सम्पादक-
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक-
देवीप्रसाद भण्डारी
(संशोधन-मण्डलद्वारा)

सहयोगी-
रामजी तेवारी

यस अङ्कको मूल्य रु. ६।-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयसूची

		पृष्ठ
१. युवराज प्रतापसिंह शाहले श्रीकृष्ण पाठकलाई लेखेका छ अप्रकाशित पत्र	—दिनेशराज पन्त	१-३
२. त्रिकोणमितिका सूत्र	—नयराज पन्त	४-११
३. हर्षसंवत्को विषयमा	—नयराज पन्त —देवीप्रसाद भण्डारी	१२-१९
४. तनहुँका राजा हरकुमारदत्त सेनका सातवटा अप्रकाशित पत्र	—महेशराज पन्त	१९-२१
५. वि. सं. १८८२ को जग्गावन्धकीसम्बन्धी तमसुक	—दिनेशराज पन्त	२२
६. राम सुंधुले श्री ५ राजेन्द्रविक्रम शाहलाई वि. सं. १८९७ मा लेखेको अर्जी	—रामजी तेवारी	२३-२४
७. तनहुँका गुणानन्द पन्तलाई लेखिएका ४ वटा अप्रकाशित पत्र	—महेशराज पन्त	२५-२६

संशोधन-मण्डलका प्रकाशित कृति

१. पूर्णिमा १ देखि ५४ अङ्कसम्म	२७०।५०
२. अभिलेख-सङ्ग्रह १ देखि १२ भागसम्म	७।५०
३. इतिहास-संशोधन	१३।
४. सावधान-पत्र	६।
५. विद्या रक्षा	६।
६. व्याकरण-संशोधन	३।५०
७. पञ्चाङ्ग-संशोधन	३।५०
८. बुद्धिविनोद-प्रश्नावली र त्यसको उत्तर	२।
९. पञ्चाङ्ग-संशोधन (१३-१७ सङ्ख्या)	१।७५
१०. सावधान-पत्र (१८-३० सङ्ख्या)	१०।
११. रत्नदीप	२।५०
१२. वृत्तशतक	३।
१३. सावधान-पत्र (३१ सङ्ख्या)	।२५
१४. नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य	५।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

युवराज प्रतापसिंह शाहले श्रीकृष्ण पाठकलाई लेखेका छ अप्रकाशित पत्र

—दिनेशराज पन्त

अप्रकाशित यी पत्रका नक्कल परराष्ट्रमन्त्रालयको ४८ सङ्ख्याको खाममा छन् । युवराज प्रतापसिंह शाहले श्रीकृष्ण पाठकलाई वि. सं. १८२४ तथा १८२५ मा लेखेका यी पत्रबाट त्यस वेला शासनकार्यमा प्रतापसिंह संलग्न थिए भन्ने बुझिन्छ ।

एक सङ्ख्याको पत्रमा आठपहरियालाई जागीर दिएको, दुइ सङ्ख्याको पत्रमा नाकावन्दी भइरहेको काठमाडौंमा केही चीज लान दिएको, तीन सङ्ख्याको पत्रमा नवान्नप्राशन (न्वाई) को लागि चीजवीज भिकाएको, चार सङ्ख्याको पत्रमा जयनन्द नेवारलाई कमारी दिएको, पाँच सङ्ख्याको पत्रमा रोपाई गर्नको लागि बोलाएको, छ सङ्ख्याको पत्रमा जान्ने सिकर्मी भिकाएको कुरा परेको छ ।

(१ सङ्ख्या)

१. स्वस्ति श्रीमन्महाराजाधिराजकुमारयुवराजकस्य रुक्का— — — — — —
२. आगे श्रीकृष्ण पाठकप्रति. फौद्याके षेत १ सिंग्याके षेत मुरा ६० साठी सहिमान-
३. के मुरा असी ८० एती जागीर बक्स्यौं. जीसुसाऱ्या केटा हुन्. अरु जस्ता होइनन्. गो -
४. गाल पुडोलमहा षेत देउ सर्वथा. यो हरिघरी आउन पाउन्या छैनन्. तिमीले स-
५. माह्र गरिदिनुपर्ला. सम्व १८२४ मी आषाडवदि ५ रोज ४ मुकाम किर्तिपूर शुभम्

यस दिनको गणना यस प्रकारको छ—

वि. सं. १८२४ आषाढकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी
श्रावण	३	बुध	चतुर्थी	१९

(पात्रोवाट)

चतुर्थीको घडी १९ उप्रान्त बुधवार यो पत्र लेखिएको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(२ सङ्ख्या)

१. स्वस्ति श्रीमन्महाराजाधिराजकुमारयुवराजकस्य रुक्का— — — — — — — — — —
२. आगे सिंधुन्याघाट ब्रह्मंडी जिनपूरम··· चौ··· लक्ष्मीका
३. सिक्का ४ को नुन पाथि ८ घरि १ केरा गोटा ४ कटहर काठमाडौसम्म लैजान देउ.
४. थुनथान जनी गर. यो रुक्का ठानामा हालि राष. इति सम्वत्त १८२४ भाद्रवदि ११ रो ५卐 शुभं

(३ सङ्ख्या)

१. स्वस्ति श्रीमन्महाराजाधिराजकुमारयुवराजकस्य रुक्का— — — — — —
२. आगे श्रीकृष्ण पाठकप्रति. कार्तिकका दिन २६ जादा नवान्न छ. ताहाबाट घडा २
३. घ्यु घडा ४ तेल षसि १ ठुलो मोटो सागपात प्रसस्त गरि कार्तिकका दिन २४ दि-
४. न जादा सुकवर दर्वर चह्राइ पठाव सर्वथा. इति सं १८२४ कार्तिकशुदि ४ रोज २〰 शुभम्

(४ सङ्ख्या)

१. स्वस्ति श्रीमन्महाराजाधिराजकुमारयुवराजकस्य रुक्का— — — — — — —
२. आगे श्रीकृष्ण पाठकप्रति. जयनन्द नेवारकन बेस कमारि १ वक्स्यौं. कांहिबाट हव-

---

卐 यस दिनको गणना यस प्रकारको छ—

वि. सं. १८२४ भाद्रकृष्ण (पूर्णान्तमानले)

गते	वार	तिथि	घडी
आश्विन ५	वृहस्पति	दशमी	४३

(पात्रोबाट)

दशमीको घडी ४३ उप्रान्त वृहस्पतिवार यों पत्र लेखिएको देखिन्छ ।

〰 यस दिनको गणना यस प्रकारको छ—

वि. सं. १८२४ कार्तिकशुक्ल

गते	वार	तिथि	घडी
कार्तिक १३	सोम	चतुर्थी	५४

(पात्रोबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३. स् षोजिकन कमारि चाडै सौपिदेउ. एसलाई ताहा जनी अट्काउ. पत्र देषनी
४. मात्र देउ. सम्वत्त् १८२४ साल माघवदि ४ रोज ७◈ शुभम्

(५ सङ्ख्या)

१. स्वस्ति श्रीमन्महाराजाधिराजकुमारयुवराजकस्य रुक्का— — — — — — — —
२. आगे श्रीकृष्ण पाठकप्रति. रोपाञ्जिको सभ सराजाम लिकन आज आइपुग सर्वथा ३. इति
३. सम्वत्त १८२५ आषाडशुदि १३ रोज ३◈ शुभम्— — — — —

(६ सङ्ख्या)

१. स्वस्ति श्रीमन्महाराजाधिराजकुमारयुवराजकस्य रुक्का— — — — —
२. आगे श्रीकृष्ण पाठकप्रति. स्वानगाउल्या बोसिहरुले काठ काटन्या मात्र रहेछ. फला-
३. सिले चिर्न्या रहेनछन्. तसर्थ कागतिगाउका फलासिले काठ चिर्न्या सिपा-
४. लु बोसि जना ४ कन रुक्का देषत इहा पठाइदेउ. ढिल नगर. सम्वत्त १८२५ भा-
५. द्रशुदि १० रोज ४◈ मुकाम नुवाकोट् शुभम्— — — — — — — — —

◈ यस दिनको गणना यस प्रकारको छ—

वि. सं. १८२४ माघकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी
माघ	२७	शनि	चतुर्थी	६०

(पात्रोबाट)

◈ यस दिनको गणना यस प्रकारको छ—

वि. सं. १८२५ आषाढशुक्ल

	गते	वार	तिथि	घडी	पला
आषाढ	१९	मङ्गल	त्रयोदशी	७।	१

(पात्रोबाट)

◈ यस दिनको गणना यस प्रकारको छ—

वि. सं. १८२५ भाद्रशुक्ल

	गते	वार	तिथि	घडी	पला
आश्विन	९	बुध	दशमी	३८।	३१

(पात्रोबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्रिकोणमितिका सूत्र

—नयराज पन्त

चलनचल्तीमा चलेका त्रिकोणमितिका सूत्रलाई प्राचीन ग्रन्थमा पाइने सूत्रसँग तुलना गर्न यो काम थालिएको हो ।

(१)

इष्टं कोणं रेखयोः साधयन्त्योः कञ्चिद् बिन्दुं कल्पयेद् एकिकायाम् ।
बिन्दोर् लम्बो बाहुसंज्ञोऽपरस्यां पात्यो, जात्यात् साधितात् स्युर् ज्यकाऽऽद्याः ॥ १ ॥
जात्ये बाहुः कर्णभक्तो ज्यका स्यात्, कोटिः श्रुत्या स्याद् हृता कोटिजीवा ।
कोट्या भक्तो दोर् भवेत् स्पर्शरेखा, कोटिः कोटिस्पर्शरेखा भुजाऽऽप्ता ॥ २ ॥
कर्णः कोट्या भाजितश् छेदिका स्यात्, कर्णः कोटिश्छेदिका बाहुभक्तः ।
कोज्या रूपात् १ स्याद् विहीनोत्क्रमज्या, रूपाद् १ हीना ज्या तु कोट्युत्क्रमज्या ॥ ३ ॥
जात्ये वाहोः संमुखीनो भवेद् यः कोणस्, तस्याऽष्टौ पदार्था निरुक्ताः ।
एवं सिद्धाः कोणजाताः पदार्थाश् चापीयाः स्यू रूप१तुल्यत्रिमौर्व्याम् ॥ ४ ॥

[इष्ट कोण बनाउने दुइटा रेखामध्ये एउटा अभीष्ट रेखामा कुनै बिन्दु कल्पना गर्नू । सो बिन्दुबाट अर्को रेखामा लम्ब हाल्नू । यताबाट जात्यत्रिभुज बन्दछ । अहिले हालेको लम्बको भुज भन्ने नाम राख्नू । सो जात्य-त्रिभुजमा कोणबिन्दुदेखि अभीष्ट बिन्दु (भुजको शिर) सम्म रहेको रेखा कर्ण कहाउँछ । कोण बिन्दुबाट भुजको फेदसम्म रहेको रेखा कोटि कहाउँछ ।

भुजलाई कर्णले भाग लिनू, लब्धि ज्या हुन्छ ।
कोटिलाई कर्णले भाग लिनू, लब्धि कोटिज्या हुन्छ ।
भुजलाई कोटिले भाग लिनू, लब्धि स्पर्शरेखा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कोटिलाई भुजले भाग लिनू, लब्धि कोटिस्पर्शरेखा हुन्छ ।
कर्णलाई कोटिले भाग लिनू, लब्धि छेदनरेखा हुन्छ ।
कर्णलाई भुजले भाग लिनू, लब्धि कोटिच्छेदनरेखा हुन्छ ।
१ बाट कोटिज्या घटाउनू शेष उत्क्रमज्या हुन्छ ।
१ बाट ज्या घटाउनू, शेष कोट्युत्क्रमज्या हुन्छ ।]

(१) ज्या = $\frac{\text{भुज}}{\text{कर्ण}}$

(२) कोटिज्या = कोज्या = $\frac{\text{कोटि}}{\text{कर्ण}}$

(३) स्पर्शरेखा = स्प = $\frac{\text{भुज}}{\text{कोटि}}$

(४) कोटिस्पर्शरेखा = कोस्प $\frac{\text{कोटि}}{\text{भुज}}$

(५) छेदनरेखा = छे = $\frac{\text{कर्ण}}{\text{कोटि}}$

(६) कोटिच्छेदनरेखा = कोछे = $\frac{\text{कर्ण}}{\text{भुज}}$

(७) उत्क्रमज्या = उ = १ − कोज्या

(८) कोट्युत्क्रमज्या = कोउ = १ − ज्या

यसरी ल्याइएका

ज्या, कोज्या, स्प, कोस्प,
छे, कोछे, उ, कोउ

यी ८ पदार्थ कोणबाट उत्पन्न भएका हुन् ।

कोणको मान अ भए

(१) ज्या अ (२) कोज्या अ
(३) स्प अ (४) कोस्प अ
(५) छे अ (६) कोछे अ
(७) उ अ (८) कोउ अ

यसरी लेख्नुन् ।

१ त्रिज्या भएमा कोणबाट उत्पन्न भएका यी ८ पदार्थ नै चापीय पनि हुन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(२)

जीवावर्गः कोटिजीवोत्थकृत्या युक्तः सिद्धयेद् एक१संख्यासमानः ।

[ज्याको वर्गमा कोटिज्याको वर्ग जोडिदियो भने योगफल १ हुन्छ ।]

$$ज्या^2 अ + कोज्या^2 अ = १$$

(३)

एकेना ऽब्धयः स्पर्शरेखोत्थवर्गः संपद्येत च्छेदिकावर्गतुल्यः ॥ ५ ॥

[स्पर्शरेखाको वर्गमा १ जोडिदियो भने योगफल छेदनरेखाको वर्ग हुन्छ ।]

$$स्प^2अ + १ = छे^2अ$$

(४)

कोटिच्छाया स्वा ऽहता चन्द्र१युक्ता सिध्येत् कोटिच्छेदिकावर्गतुल्या ।

[कोटिस्पर्शरेखाको वर्गमा १ जोडिदियो भने योगफल कोटिच्छेदनरेखाको वर्ग हुन्छ ।]

$$कोस्प^2अ + १ = कोछे^2अ$$

(५)

पाल्या अर्धे कोणयुग्मं समं स्याद्, अंशाः खाऽष्टक्ष्मा१८०समाना भवेयुः ॥ ६ ॥

[वृत्तको आधालाई अर्धवृत्त भन्दछन् । अर्धवृत्तको परिधिमा २ समकोणका तुल्य अंश अर्थात् १८० अंश हुन्छन् ।]

अर्धवृत्तको परिधिमा = २ समकोणका अंश = १८० अंश

(६)

व्यासेऽङ्कबाणोन्दुयुगेन्दुबिन्दुत्रिभिर् ३ . १४१५९विनिघ्ने परिधिः प्रसिध्येत् ।
व्यासे शरेषुत्रि३५५हते विभक्ते त्रिरूपचन्द्रैः ११३ परिधिः प्रसिध्येत् ॥ ७ ॥
द्वाविंशति २२ घ्ने विहृतेऽथ शैलैः ७ स्थूलो भवेत् स व्यवहारयोग्यः ।
आसन्नमानं गदितं क्रमेण न संख्यया वास्तवमानमत्र ॥ ८ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[(१) व्यासलाई ३. १४१५९ ले गुनिदियो भने गुणनफल परिधि हुन्छ ।
(२) व्यासलाई ३५५ ले गुनी ११३ ले भाग लियो भने लब्धि परिधि हुन्छ ।
(३) व्यासलाई २२ ले गुनी गुणनफललाई ७ ले भाग लियो भने लब्धि परिधि हुन्छ ।]

(१) व्यास × ३.१४१५९ = परिधि

(२) $\frac{\text{व्यास} \times ३५५}{११३}$ = परिधि

(३) $\frac{\text{व्यास} \times २२}{७}$ = परिधि

वास्तवमा व्यास र परिधिको संबन्धलाई संख्यावाट देखाउन सकिँदैन । माथि भनिएका संख्या आसन्नमानका हुन् । ७ व्यास हुंदा २२ परिधि हुन्छ भनी मान्नु सबभन्दा स्थूल (मोटामोटी) कुरो हो । तर यही मानी काम गर्दा सजिलो पर्छ र साधारण व्यवहारमा यसै अनुसार काम चलाउँछन् ।

(७)

वृत्ते चापस् त्रिज्यया यः समः स्यात् तस्मिंश् चापे यैंऽशका।ऽद्या भवेयुः ।
तान् अंशादीन् कल्पयित्वा प्रमाणम् इष्टः कोणो मीयते वृत्तरीत्याम् ।। ९ ।।
चापे त्रिज्यासंमिते सप्तबाणा ५७ अद्रिक्षोण्यो १७ नागविन्द्वब्धिवेदाः ४४.८ ।
अंशा।ऽद्याः स्युः कोण एतत्प्रमाण एकस्मिन् स्याद् वृत्तरीत्यां प्रमाणे ।। १० ।।
इष्टं चापं स्वाऽङ्गुला।ऽदिप्रमाणं तत्प्रामाण्यत्रिज्यया संविभज्य ।
लब्धिं हन्याद् वृत्तरीतिप्रमित्या चापे तस्मिन्नंशका।ऽद्या भवेयुः ।' ११ ।।

[वृत्तको परिधिलाई व्यासले नाप्यो भने ३.१४१५९ हुन आउँछ, अर्धपरिधिलाई त्रिज्याले नाप्यो भने पनि ३.१४१५९ हुन आउँछ । अर्धपरिधिमा १८० अंश हुन्छन् । यस कारण यस रीति-अनुसार १८० अंश ३.१४५५९ हुन आउँछन् ।]

अं क वि
१८० अंशलाई ३.१४१५९ ले भागलिदा ५७ । १७ । ४४.८ आउँछन् । यसलाई वृत्तरीतिको

अं क वि
प्रमाण भन्दछन् । त्रिज्या जति नापो भएको परिधिको टुक्रो (चाप) मा ५७ । १७ । ४४.८ हुन्छन् । जुन नापो (अङ्गुलादि) मा वृत्तको चाप रहेको हुन्छ, त्यही नापोको त्रिज्याले सो चापलाई भाग लिई आएको लब्धिलाई वृत्तरीतिको नापोले गुन्नू, गुणनफल सो चापको अंशादि हुन्छ । कोणको अंशादिलाई वृत्त-रीतिको नापोले भाग लिनू, लब्धि सो कोणको वृत्तरीतिअनुसारको नापो हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

$$\text{चापको अंशादि} = \frac{\text{चाप}}{\text{त्रि}} \times \text{वृत्तरीतिको प्रमाण}$$

$$\text{कोणको वृत्तरीतिको नापो} = \frac{\text{कोणको अंशादि}}{\text{वृत्तरीतिको प्रमाण}}$$

(८)

शून्या ० जीवा शून्य ० भागस्य सिध्येत्, सिध्येत् कोज्या शून्य ० भागस्य रूपम् १ ।
छाया शून्या ० शून्य ० भागस्य सिध्येद् अन्येऽप्येवं बोधनीयाः पदार्थाः ॥ १२ ॥

० अंशको ज्या ० हुन्छ । ० अंशको कोज्या १ हुन्छ । ० अंशको स्पर्शरेखा ० हुन्छ ।

ज्या ०° = ० कोज्या ०° = १ स्प ०° = ०

यसै गरी अझ कोटिस्पर्शरेखाहरू पनि ल्याउनुपर्छ ।

(९)

अर्धेन रूपस्य१ समप्रमाणा जायेत जीवा खगुणां३०शकानाम् ।
मूलं त्रयाणां ३ विभजेद् द्वयेन २ जायेत कोज्या खगुणां ३० शकानाम् ॥ १३ ॥
जीवा भवेद् या खगुणां३०शकानां कोज्या भवेत् सा खरसां६०शकानाम् ।
कोज्या भवेद् या खगुणां ३० शकानां जीवा भवेत् सा खरसां ६०शकानाम् ॥ १४ ॥

[१ लाई २ ले भाग लिनू, लब्धि ३० अंशको ज्या हुन्छ ।
३ को मूललाई २ ले भाग लिनू, लब्धि ३० अंशको कोटिज्या हुन्छ ।
३० अंशको ज्या जति हुन्छ, ६० अंशको कोटिज्या पनि त्यति नै हुन्छ ।
३० अंशको कोटिज्या जति हुन्छ, ६० अंशको कोटिज्या पनि त्यति नै हुन्छ ।

ज्या ३०° = $\frac{1}{2}$ = कोज्या ६०°

कोज्या ३०° = $\frac{\sqrt{3}}{2}$ = ज्या ६०°

(१०)

द्वयोस्तु मूलेन भजेत रूपं १ जीवा भवेत् पञ्चकृतां४५शकानाम् ।
कोटिज्यका पञ्चकृतां४५शकानां सारूप्यमेयाद् निजया ज्ययैव ॥ १५ ॥
[२ को मूलले १ लाई भाग लिनू लब्धि ४५ अंशको ज्या हुन्छ । ४५ अंशको ज्या जति हुन्छ, ४५ अंशको कोज्या पनि त्यति नै हुन्छ ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

$$\text{ज्या } ४५^\circ = \frac{१}{\sqrt{२}} = \text{कोज्या } ४५^\circ$$

(११)

कोणयोर् इष्टयोर् जीवे मिथः कोटिज्यकाहते ।
तयोर् युतिर् भवेज् जीवा तत्कोणद्वययोगजा ॥ १६ ॥

[पहिलो कोणको ज्यालाई दोस्रो कोणको कोटिज्याले गुन्नू, गुणनफल पहिलो फल हुन्छ । दोस्रो कोणको ज्यालाई पहिलो कोणको कोटिज्याले गुन्नू, गुणनफल दोस्रो फल हुन्छ । पहिलो तथा दोस्रो फलको योग गर्नू, योगफल पहिलो तथा दोस्रो कोणको योगको ज्या हुन्छ ।]

ज्या (अ + क) = ज्या अ . को ज्या क + ज्या क . को ज्या अ

(१२)

कोणयोर् इष्टयोर् कोटिज्ययोर् घाताज् ज्ययोर् हतिम् ।
त्यजेद् भवेत् कोटिजीवा तत्कोणद्वययोगजा ॥ १७ ॥

[पहिलो कोणको कोटिज्यालाई दोस्रो कोणको कोटिज्याले गुन्नू, गुणनफल पहिलो फल हुन्छ । पहिलो कोणको ज्यालाई दोस्रो कोणको ज्याले गुन्नू, गुणनफल दोस्रो फल हुन्छ । पहिलो फलबाट दोस्रो फल घटाउनू, शेष पहिलो तथा दोस्रो कोणको योगको कोटिज्या हुन्छ ।]

कोज्या (अ + क) = कोज्या अ . कोज्या क − ज्या अ . ज्या क

(१३)

कोणयोर् इष्टयोर् जीवे मिथः कोटिज्यकाहते ।
तयोर् वियोगो जीवा स्यात् तत्कोणद्वयभेदजा ॥ १८ ॥

[पहिलो कोणको ज्यालाई दोस्रो कोणको कोटिज्याले गुन्नू, गुणनफल पहिलो फल हुन्छ । दोस्रो कोणको ज्यालाई पहिलो कोणको कोटिज्याले गुन्नू, गुणनफल दोस्रो फल हुन्छ । पहिलो फलबाट दोस्रो फल घटाउनू, शेष पहिलो तथा दोस्रो कोणको अन्तरको (पहिलो कोणबाट दोस्रो कोण घटाउँदा बाँकी रहेको शेषको) ज्या हुन्छ ।]

ज्या (अ − क) = ज्या अ . कोज्या क − ज्या क . कोज्या अ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(१४)

कोणयोर् इष्टयोर् कोटिज्ययोर् घाते ज्ययोर् हतिम् ।
युञ्जीत कोटिजीवा स्यात् तत्कोणद्वयभेदजा ॥ १९ ॥

[पहिलो कोणको कोटिज्यालाई दोस्रो कोणको कोटिज्याले गुन्नू, गुणनफल पहिलो फल हुन्छ । पहिलो कोणको ज्यालाई दोस्रो कोणको ज्याले गुन्नू, गुणनफल दोस्रो फल हुन्छ । पहिलो तथा दोस्रो फलको योग गर्नू, योगफल पहिलो तथा दोस्रो कोणको अन्तरको (पहिलो कोणबाट दोस्रो कोण घटाउँदा बाँकी रहेको शेषको) कोटिज्या हुन्छ ।]

कोज्या (अ - क) = कोज्या अ . कोज्या क + ज्या अ . ज्या क

(१५)

रूपं १ भवेज् ज्या खनवां९०शकानां कोज्या भवेत् खं खनवां९०शकानाम् ।
स्यात् स्पर्शरेखा खनवां९०शकानां ख ० हारतां यातवती ह्यनन्ता ॥ २० ॥

[९० अंशको ज्या १ हुन्छ ।
९० अंशको कोटिज्या ० हुन्छ ।
९० अंशको स्पर्शरेखा खहर राशि अर्थात् अनन्त हुन्छ ।]

ज्या ९०° = १ कोज्या ९०° = ० स्प ९०° = ००

(१६)

द्विरघ्नी जीवा कोज्यया हन्यमाना संपद्यते ज्या द्वि २ निघ्नांऽशकानाम् ।
[ज्या तथा कोटिज्याको गुणनफललाई २ ले गुन्नू, यो गुणनफल द्विगुणित अंशको ज्या हुन्छ ।]

ज्या २ अ = २ ज्या अ . कोज्या अ

(१७)

जीवावर्गं संत्यजेत् कोटिजीवावर्गात् कोज्या स्याद् द्वि २ निघ्नांशकानाम् ॥ २१ ॥
जीवावर्गं द्व्यया२हतं वा विजह्याद् रूपात् १ कोज्या स्याद् द्वि २ निघ्नांशकानाम् ।
कोज्यावर्गाद् द्व्यया२हताद् वा विजह्याद् रूपं १ कोज्या स्याद् द्वि२निघ्नांशकानाम् ॥ २२ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[(१) कोटिज्याको वर्गबाट ज्याको वर्ग घटाउनू, शेष द्विगुणित अंशको कोटिज्या हुन्छ।

(२) ज्याको वर्गलाई २ ले गुनी गुणनफललाई १ बाट घटाउनू, शेष द्विगुणित अंशको कोटिज्या हुन्छ।

(३) कोटिज्याको वर्गलाई २ ले गुनी गुणनफलबाट १ घटाउनू, शेष द्विगुणित अंशको कोटिज्या हुन्छ।]

$$\text{कोज्या } २ \text{ अ} = \text{कोज्या}^2 \text{ अ} - \text{ज्या}^2 \text{ अ} = १ - २ \text{ ज्या}^2 \text{ अ} = २ \text{ कोज्या}^2 \text{अ} - १$$

(१८)

छायाकृत्योनेन रूपेण १ भक्ता द्वि २ घ्नी भा स्याद् भा द्वि २ निघ्नांशकानाम् ।

[स्पर्शरेखाको वर्गलाई १ बाट घटाउनू, शेषलाई भाजक मान्नू । स्पर्शरेखालाई २ ले गुन्नू, गुणनफललाई भाज्य मान्नू । भाजकले भाज्यलाई भाग लिनू, लब्धि द्विगुणित अंशको स्पर्शरेखा हुन्छ।]

$$\text{स्प } २ \text{ अ} = \frac{२ \text{ स्प अ}}{१ - \text{स्प}^2 \text{अ}}$$

(१९)

कोणद्वन्द्वस्पर्शरेखासमासस् तत्कोणोत्थस्पर्शरेखानिहत्या ॥ २३ ॥
भक्तश् चन्द्राद् १ हीनया स्पर्शरेखा स्यात् तत्कोणद्वन्द्वसंपर्कसिद्धा ॥

[पहिलो कोणको स्पर्शरेखाले दोस्रो कोणको स्पर्शरेखालाई गुन्नू, गुणनफललाई १ बाट घटाउनू, शेषलाई भाजक मान्नू। पहिलो कोणको स्पर्शरेखा तथा दोस्रो कोणको स्पर्शरेखाको योगफललाई भाज्य मान्नू। भाजकले भाज्यलाई भाग लिनू, लब्धि पहिलो तथा दोस्रो कोणको योगको स्पर्शरेखा हुन्छ।]

$$\text{स्प } (\text{अ} + \text{क}) = \frac{\text{स्प अ} + \text{स्प क}}{१ - \text{स्प अ} . \text{स्प क}}$$

(२०)

कोणद्वन्द्वस्पर्शरेखावियोगस् तत्कोणोत्थस्पर्शरेखानिहत्या ॥ २४ ॥
भक्तः पृथ्व्या १ युक्तया स्पर्शरेखा स्यात् तत्कोणद्वन्द्वविश्लेषसिद्धा ।

[पहिलो कोणको स्पर्शरेखाले दोस्रो कोणको स्पर्शरेखालाई गुन्नू, गुणनफललाई १ मा जोड्नू, योगफललाई भाजक मान्नू। पहिलो कोणको स्पर्शरेखाबाट दोस्रो कोणको स्पर्शरेखा घटाउनू, शेषलाई भाज्य मान्नू, भाजकले भाज्यलाई भाग लिनू। पहिलो कोणबाट दोस्रो कोण घटाउँदा बाँकी रहेको शेष अंशको स्पर्शरेखा माथि आएको लब्धिले बराबर हुन्छ।

$$\text{स्प } (\text{अ} - \text{क}) = \frac{\text{स्प अ} - \text{स्प क}}{१ + \text{स्प अ} . \text{स्प क}}$$

(क्रमशः)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हर्षसंवत्को विषयमा

—नयराज पन्त
देवीप्रसाद भण्डारी

बाँसखेडामा पाइएको सम्राट् हर्षवर्द्धनको ताम्रपत्रमा 'संवत् २२ कार्त्तिकवदि १' लेखिएको छ ।

(वि. सं. २०१९ मा जगदम्बा–प्रकाशनबाट प्रकाशित, धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलद्वारा सम्पादित इतिहास–संशोधनको प्रमाण-प्रमेयको ५४-५७ पृ.)

हर्षवर्द्धनलाई पुलकेशीले लडाईंमा हराएका थिए भन्ने कुरा एहोलको शिलालेखबाट बुझिन्छ –

अपरिमितविभूतिस्फीतसामन्तसेनामुकुटमणिमयूखाक्रान्तपादारविन्द : ।
युधि पतितगजेन्द्रानीकवीभत्सभूतो भयविगलितहर्षो येन चाकारि हर्ष : ।।

[जसले (पुलकेशीले) असङ्ख्य ऐश्वर्यले बढिबढाउ भएका सामन्तको फौजका मुकुटका मणिको किरणले चरणकमल ढाकिएका हर्ष(वर्द्धन)लाई लडाईंमा ढलेका हात्तीका बथानले घीन लागेका र डरले थर्कमान भएका बनाउनुभयो ।]

(इतिहास–संशोधनको प्रमाण–प्रमेयको ५४ पृष्ठबाट)

त्रिंशत्सु त्रिसहस्रेषु भारतादाहवादितः ।
सप्ताब्दशतयुक्तेषु गतेष्वब्देषु पञ्चसु ।।
पञ्चाशत्सु कलौ काले षट्सु पञ्चशतासु च ।
समासु समतीतासु शकानामपि भूभुजाम् ।।

(एहोलको शिलालेखबाट)

यताबाट कलिगतसंवत् ३७३५ वा शकसंवत् ५५६ मा सो शिलालेख रहेको देखिन्छ ।

३७३५ – ३०४४ = ६९१
५५६ + १३५ = ६९१

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुने हुनाले वि. सं. ६९१ पुलकेशीको राज्यकालमा पर्छ । अर्थात् विक्रमको सातौं शताब्दीको उत्तरार्द्धका पुलकेशी देखिन्छन् । यस कारण पुलकेशीका प्रतिद्वन्द्वी हर्षवर्द्धन पनि सोही कालका देखिन्छन् ।

चीनिया यात्री युआन च्वाङले वि. सं. ६८६ देखि आपनो यात्रा शुरू गरी वि. सं. ७०२ मा यात्रा समाप्त गरेका हुन्◆ । हर्षवर्द्धनसँग उनले भेटेको कुरा पनि उनको यात्रावर्णनबाट थाहा पाइने हुनाले विक्रमको सातौं शताब्दीको उरार्द्धमा हर्षवर्द्धन थिए भन्ने कुरालाई बल मिल्छ ।

यस कारण माथि उद्धृत, बाँसखेडामा रहेको हर्षवर्द्धनको ताम्रपत्र विक्रमको सातौं शताब्दीको उत्तरार्द्धको हो भन्ने कुरो निश्चित हुन्छ । यहाँ दिइएको संवत् २२ कहिलेदेखि उठेको हो भन्ने कुरामा अब विचार गरिन्छ ।

वि. सं. १०८८ का अलबेरूनीको ग्रन्थबाट पहिले केही उद्धरण दिइन्छ –

"कलियुगको आरम्भदेखि लिएर वर्तमान समयसम्म जति वर्ष बितेका छन्, त्यस विषयमा सबैमा मतैक्य छ । कलियुगको आरम्भदेखि अहिले हाम्रो वर्तमान वर्षसम्म ४१३२ वर्ष बिते । यो कुरो ब्रह्मगुप्त तथा पुलिश दुवैको मतबाट सिद्ध हुन्छ । महाभारतको युद्ध भएदेखि हाम्रो वर्तमान वर्षसम्म ३४७९ वर्ष बिते । अर्थात् हाम्रो वर्तमान यस वर्षभन्दा ४१३२ वर्ष पहिलेदेखि कलिकालको गणना शुरू हुन्छ तथा ३४७९ वर्ष पहिलेदेखि पाण्डवकालको गणना शुरू हुन्छ । ……

१. श्रीहर्ष २. विक्रमादित्य ३. शक
४. वलभ ५. गुप्त

पृथ्वीको गर्भमा रहेको सम्पत्ति खोज्न पृथ्वीभित्र सात तहसम्म श्रीहर्ष पुगेका थिए; त्यहाँ उनले सम्पत्ति भेट्टाएका थिए; यस कारण दुनियाँलाई निचोरेर कर उठाउने काम श्रीहर्षलाई गर्नुपर्दैनथ्यो भन्ने हिन्दूहरूको विचार छ । श्रीहर्षको संवत् मथुरा र कन्नौजमा चलेको छ । विक्रमादित्य र श्रीहर्षको बीचमा ४०० वर्षको अन्तर छ भन्ने कुरा त्यहाँका बासिन्दाबाट मैले थाहा पाएको हुँ । परन्तु विक्रमादित्यभन्दा ६६४ वर्षपछि श्रीहर्ष भएका हुन् भन्ने कुरा कश्मीरको पञ्चाङ्गमा मैले देखें । यस्तो विसङ्गति देख्ता म दोधारमा परेको छु । मेरो दोधार हटाइदिने उपाय अहिलेसम्म मैले पाउन सकेको छैन ।……

अहिले

१. श्रीहर्षसंवत् १४८८
२. विक्रमसंवत् १०८८
३. शकसंवत् ९५३
४. वलभसंवत् (यसलाई गुप्तसंवत् पनि भन्छन्) ७१२

◆ इतिहास-संशोधनको प्रमाण-प्रमेयको २३ पृ. ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५. खण्डखाद्यको वर्षगण	३६६
६. वराहमिहिरको पञ्चसिद्धान्तिकाको वर्षगण	५२६
७. करणसागरको वर्षगण	१३२
८. करणतिलकको वर्षगण	६५

छन् ।"

अलबेरूनीले आफ्नो ग्रन्थ अरबी भाषामा लेखेका छन् । त्यसको अङ्ग्रेजी भाषामा अनुवाद साचौले गरेका छन् । त्यताबाट हिन्दी अनुवाद सन्तरामले गरेका छन् । सो हिन्दी अनुवाद अलबेरूनी का भारत भन्ने नाउँले वि. सं. १९८५ मा प्रयागको इन्डियन प्रेस लिमिटेडबाट प्रकाशित भएको छ । सो पुस्तकको तेस्रो भागका ५-९ पृष्ठबाट माथि उद्धरण गरिएको भाग नेपालीमा अनुवाद गरिएको हो ।

एहोलको शिलालेख तथा युआन च्वाङको वर्णनबाट विक्रमको सातौं शताब्दीको उत्तरार्द्धका हर्षवर्द्धन देखिन्छन् भन्ने कुरा माथि लेखिसकिएको छ । यस कारण बाँसखेडामा रहेको हर्षवर्द्धनको दानपत्रमा देखिएको संवत् २२, विक्रमसंवत् प्रारम्भ हुनुभन्दा ४०० वर्ष अगाडिदेखि उठेको हर्षसंवत् नै हो भन्ने कुरा मान्नु सम्भव भएन । विक्रमसंवत् ६६४ देखि हर्षसंवत् चलेको थियो भन्ने कुरा कश्मीरको पञ्चाङ्गमा मैले देखें भनी अलबेरूनीले बोलेकाले सोही कुरा ऐतिहासिकहरूलाई आधार बन्न गयो ।

विहारप्रान्तमा यौटा शिलालेख पाइयो । सो शिलालेख यस प्रकारको छ—

१. ॐ स्वस्ति श्रीमहोदयसमावासिनान(ने)कगोहस्त्यश्वरथपत्तिसम्पन्नस्कन्धावारात्प-
२. रमवैष्णवो महाराजश्रीदेवशक्तिदेवस्तस्य पुत्रस्तत्पादानुध्यातः श्रीभूयिकादेव्यामुत्पन्नः परम-
३. माहेश्वरो महाराजश्रीवत्सराजदेवस्तस्य पुत्रस्तत्पादानुध्यातः श्रीसुन्दरीदेव्यामुत्पन्नः पर-
४. म्भगवतीभ-क्तो महाराजश्रीनागभटदेवस्तस्य पुत्रस्तत्पादानुध्यातः श्रीमदीसटादेव्यामुत्पन्नः
५. परमादित्य-भक्तो महाराजश्रीरामभद्रदेवस्तस्य पुत्रस्तत्पादानुध्यातः श्रीमदप्पदेव्यामुत्प-
६. न्नः परम्भगवतीभक्तो महाराजश्रीभोजदेवस्तस्य पुत्रस्तत्पादानुध्यातः श्रीचन्द्रभ-
७. ट्टारिकादेव्यामुत्पन्नः परम्भगवतीभक्तो महाराजश्रीमहेन्द्रपालदेवः ।। श्रावस्ती-
८. भुक्तौ । श्रावस्तीमण्डलान्तः पाति । बालयिकाविषयसम्बद्धपानीयकग्रामसमु-
९. पगतान्सर्वानेव यथास्थाननियुक्तान्प्रतिवासिनश्च समाज्ञापयति उपरिलि-
१०. खितग्रामस्सर्वायसमेत आचन्द्रार्कक्षितिकालम्पूर्वदत्तदेवब्रह्मदेयवर्ज्जितो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

११. मया पित्त्रो : पुण्याभिवृद्धये। सावर्ण्णसगोत्रकौथुमच्छन्दोगसब्रह्मचारि-
१२. भट्टपद्मसराय सवितु : कुम्भसंक्रान्तौ स्नात्वा प्रतिग्रहेण प्रतिपादित इति विदित्वा
१३. भवद्भिस्समनुमन्तव्यं प्रतिवासिभिरप्याज्ञाश्रवणविधेयैर्भूत्वा सर्व्वायामस्य समु-
१४. पनेया इति। श्रीमद्भाकप्रयुक्तस्य शासनस्य स्थिरायते : ॥ सम्वत्सा १०० ५० ५
माघशुदि १० निवद्ध।

[वि. सं. १९४३ मा प्रकाशित इन्डिअन् यान्टिक्वेरि (भारतीय प्रत्नतत्त्व) को पन्ध्रौं भागका ११२-११३ पृष्ठमा जोन फेथफुल फ्लीटद्वारा छापिएको दिग्ह्वा दुर्वलाको महाराज महेन्द्रपालको शिलापत्र]

यस शिलालेखमा विशेषण नभएको संवत् १५५ लेखिएको छ। संवत् १५५ को कुम्भसङ्क्रान्तिमा स्नान गरी महाराज महेन्द्रपालले दान दिएको र सो दिन माघशुक्ल दशमी थियो भन्ने कुरा पनि लेखिएको छ। यस शिलापत्रको लिपि विक्रमको आठौं नवौं शताब्दीको छ। यसकारण सो शिलालेखमा देखिएको संवत् हर्षसंवत् होला भन्ने लख विद्वान्हरूले काटे। वि. सं. ६६४ देखि हर्षसंवत् उठेको भन्ने अलवेरूनीको वाक्यलाई प्रमाण मान्दा

१५५ + ६६४ = ८१९ हुने हुनाले यसै ताकाको यो शिलालेख हो भनी गणना गर्दा—

वि. सं. ८१२ को कुम्भसङ्क्रान्ति माघशुक्ल त्रयोदशीमा पर्छ✒।
वि. सं. ८१३ को कुम्भसङ्क्रान्ति माघकृष्ण नवमीमा पर्छ।
वि. सं. ८१४ को कुम्भसङ्क्रान्ति माघशुक्ल पञ्चमीमा पर्छ।
वि. सं. ८१५ को कुम्भसङ्क्रान्ति माघकृष्ण द्वितीयामा पर्छ।
वि. सं. ८१६ को कुम्भसङ्क्रान्ति माघकृष्ण त्रयोदशीमा पर्छ।
वि. सं. ८१७ को कुम्भसङ्क्रान्ति माघशुक्ल नवमीमा पर्छ।
वि. सं. ८१८ को कुम्भसङ्क्रान्ति माघकृष्ण पञ्चमीमा पर्छ।
वि. सं. ८१९ को कुम्भसङ्क्रान्ति माघशुक्ल प्रतिपदामा पर्छ।
वि. सं. ८२० को कुम्भसङ्क्रान्ति माघशुक्ल द्वादशीमा पर्छ।
वि. सं. ८२१ को कुम्भसङ्क्रान्ति माघकृष्ण अष्टमीमा पर्छ।
वि. सं. ८२२ को कुम्भसङ्क्रान्ति माघशुक्ल चतुर्थीमा पर्छ।

यसरी गणना गर्दा वि. सं. ८१७ मा कुम्भसङ्क्रान्ति माघशुक्ल नवमीमा पर्न आयो। शिलालेखमा माघशुक्ल दशमीमा कुम्भसङ्क्रान्ति लेखिएको छ। यस कारण यस वर्ष शिलालेखमा दिइएको तिथिको आसन्न तिथिमा कुम्भसङ्क्रान्ति पर्न आयो। यस कारण निर्णय गर्न वि. सं. ८१७ मा स्पष्टमान ल्याउँदा

✒ यो गणना मध्यममानअनुसारको हो तथा अमान्तमानअनुसार कृष्णपक्षका तिथि दिइएका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

	वि. सं.	८१७	माघशुक्ल	
गते	वार	तिथि	घडी	पला
फाल्गुन १	सोम	नवमी	५३ ।	५६
कुम्भसङ्क्रान्ति	सोमवार	४५ ।	११ मा	हुन्छ ।

(यो गणना सुमतितन्त्रअनुसारको हो)

यो समय लङ्काको मध्यमसूर्योदयकालदखि आएको हो ।

वि. सं. ८१७ तिर अयनांशको चर्चा थिएन◈ । यस कारण त्यस वेला सायन निरयणको कुरो थिएन ।

यो शिलालेख मोतिहारीनेरको हो卐 । त्यहाँको अक्षांश २६ अंश १२ कला हुन्छ । यो कुरो नक्शाबाट थाहा पाइन्छ ।

अक्षच्छायेषु५घ्न-भायाः कृतिदशम१०लवोना यमाशाः पलांशाः ॥ ६ ॥

(ग्रहलाघव त्रिप्रश्नाधिकार)

$$५ \text{ पलभा} - \frac{(\text{पलभा})^2}{१०} = \text{अक्षांश}$$

$$\text{पलभा} = प \text{ । अक्षांश} = २६^{\text{अं}} । १२^{\text{क}} = २६\frac{१}{५} \text{ अं}$$

$$५ प - \frac{प^2}{१०} = २६\frac{१}{५}$$

$$\frac{प^2}{१०} - ५ प = -\frac{१३१}{५}$$

$$प^2 - ५० प = -\frac{१३१}{५} \times १० = -२६२$$

$$प^2 - ५० प + ६२५ = ६२५ - २६२ = ३६३$$

$$प - २५ = १९ \text{ (स्वल्पान्तरले)}$$

$$प = २५ + १९ \text{ वा } २५ - १९ = ४४ \text{ वा } ६$$

◈ वि. सं. २०३५ मा पूर्णिमा ३९ अङ्कका १३५-१४८ पृष्ठमा प्रकाशित नयराज पन्त, देवीप्रसाद भण्डारी, दिनेशराज पन्तको सुमतितन्त्रको रचनाकाल भन्ने निबन्ध ।

卐 इन्डिअन् यान्टिक्वेरि (भारतीय प्रत्नतत्त्व) को पन्ध्रौं भागको १०६ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मोतिहारीको अक्षांश २६$^{अं}$ । १२^{क} भएकोले त्यहाँको पलभा ४४ हुनु सम्भव छैन । यस कारण मोतिहारीको पलभा ६ मात्र हुने देखियो।

पहिलो चरखण्डपला = १० पलभा = १० × ६ = ६०

दोस्रो चरखण्डपला = ८ पलभा = ८ × ६ = ४८

तेस्रो चरखण्डपला = $\frac{१०}{३}$ पलभा = $\frac{१०}{३}$ × ६ = २०

कुम्भसङ्क्रान्तिमा स्पष्टसूर्य १०$^{रा}$ । ०$^{अं}$ । ०^{क} । ०$^{वि}$

वि. सं. ८१७ मा

कुम्भसङ्क्रान्तिमा सायनस्पष्टसूर्य = स्पष्टसूर्य = १०$^{रा}$ । ०$^{अं}$ । ०^{क} । ०$^{वि}$

	रा	अं	क	वि
	१२	०	०	०
	−१०	०	०	०
सायनसूर्यको भुज	= २	०	०	०

यस कारण चरपला = ६० + ४८ = १०८

घडी पला

= १ । ४८

दक्षिणगोल भएकोले

घडी	पला
१५	०
१	४८
१६	४८

घडी	पला
६०	०
−१६	४८
४३	१२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस कारण आफ्नो देशको सूर्योदयदेखि ४३ घडी १२ पला वितेपछि मोतिहारीमा आधा रात हुने भयो। सुमतितन्त्रअनुसार काठमाडौंको रेखान्तर २ घडी पूर्वमा छ◆।

काठमाडौंबाट २० कला पश्चिममा मोतिहारी छ। यो कुरा नक्शाबाट थाहा पाइन्छ।

$$\frac{३६०० \times २०}{२१६००} = \frac{२०}{६} = \frac{१०}{३} = ३ \text{ पला (स्वल्पान्तरले)}$$

घ. प.

यस कारण मोतिहारीको रेखान्तर १।५७ पूर्व हुने भयो।

कुम्भसङ्क्रान्तिको समय

लङ्काको मध्यमकाल	४५।११
रेखान्तर	+ १।५७
	४७। ८
चरकाल	- १।४८
मोतिहारीको स्पष्टकाल	४६।२०

सूर्योदय भएदेखि ४३ घडी १२ पलामा आधा रात हुने र ४६ घडी २० पलामा कुम्भसङ्क्राति हुने हुनाले आधा रातपछि सङ्क्रान्ति भयो। यस कारण सङ्क्रान्तिको पुण्यकाल भोलिपल्ट मङ्गलवार भयो। मङ्गलवार दशमी तिथि सूर्योदयभन्दा अघिबाटै लागिसकेको हुनाले सो दिन कुम्भसङ्क्रान्ति माघशुक्ल दशमी मिल्न आयो।

शिलापत्रमा संवत् १५५ माघशुक्ल दशमी कुम्भसङ्क्रान्ति भनी लेखिएको छ। यो कुरो वि. सं. ८१७ मा मिल्न आयो।

यस कारण

८१७-१५५=६६२ हुने हुनाले वि. सं. ६६२ देखि हर्षसंवत् चलेको देखिन आयो। अलबेरूनीले वि. सं. ६६४ देखि हर्षसंवत् चलेको हो भन्ने कुरा मैले कश्मीरको पञ्चाङ्गमा देखें भनी बोलेका छन्। यस कारण हर्षसंवत् १ हुँदा वि. सं. ६६४ हुने सम्झिएर वि. सं. ६६३ देखि हर्षसंवत् चलेको हो भनी मानिएको थियो। तर माथिको शिलापत्रको गणनाले वि. सं. ६६२ देखि हर्षसंवत् चलेको देखिन आयो।

◆ वि. सं. २०३३ मा प्रकाशित मर्यादा १२ भागका ४०-६३ पृष्ठमा प्रकाशित नयराज पन्त, देवीप्रसाद भण्डारी, दिनेशराज पन्तको सुमतितन्त्रको केही परिचय भन्ने निबन्धको ६१ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस विषयमा फ्लीटले आफ्नो ग्रन्थ "कर्पस् इन्स्क्रिप्शनम् इन्डिकारम् (भारतीय अभिलेखसङ्ग्रह)" को तेस्रो भागका १७८–१७९ पृष्ठमा लेखेका छन् । शङ्कर बालकृष्ण दीक्षितले गरेको गणनाअनुसार मैले यो लेख लेखेको हुँ भनी फ्लीटले बोलेका छन् । दीक्षितले उज्जयिनी (लङ्का) को मध्यमकालअनुसार गणना दिई सम्भाव्यता देखाएका छन् । यस विषयमा फ्लीट पनि घरमरिएका छन् ।

माथिको शिलापत्रको संवत्को नाम कहीं छैन । हर्षसंवत् भन्ने अडकल मात्र हो । यस विषयमा विशेष खोजी गर्ने प्रवृत्ति आओस् भनी यो निबन्ध प्रकाशित गरिएको हो ।

◈

तनहुँका राजा हरकुमारदत्त सेनका सातवटा अप्रकाशित पत्र

—महेशराज पन्त

तनहुँका पछिल्ला राजा हरकुमारदत्त सेनले गरिदिएका वि. सं. १८३१ देखि वि. सं. १८३९ सम्मका सातवटा अप्रकाशित पत्र यहाँ दिइएका छन् । यी पत्र रजबन्धकी दिँदा लेखिएका हुन् ।

यी पत्रका श्रीरामजी तेवारीले सार्नुभएका नकल पिताजी पं० नयराज पन्तको सङ्ग्रहमा छन् । पिताजीले श्रीटुकराज मिश्रमार्फत यी पत्रका नकल पाउनुभएको हो ।

(१ सङ्ख्या)

श्रीसांबशिव

स्वस्ति श्रीश्वरचरणसरोरुहस्मरणेत्यादिश्रीमद्रामचन्द्रवंशोद्भवसदासमाराधितसाम्बशिवलक्ष्मी-नारायणश्रीमन्महाराजाधिराजश्रीश्रीमद्धरकुमारदत्तसेनदेवानां सदा समरविजयिनाम— — — —

आगे हरिकृष्ण अचार्ज्जके बांधा बक्स कलेस्दि माडिमध्ये रामचन्द्र थापाका पायेल-मध्ये षेत मुरि ८० चालिस्या षेत मुरि ४० जम्मा खेत मुरि १२० तेकर डिहि लगास्मेत बकसल औ शिमलचौर सम परके कै बक्सल . बांधाक मोल रुपिया ५०४ अक्षरेपि पाच सय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चार रुपाया शिक्का र समसि आपनु बाधा जानि अवल करहिँ पाँहिँ आशीर्वाद देल करहिँ . जब रुपया देव तब बाधा छुटि .

मिति सम्वत १८३१ मार्गसुदि १० रोज २ मुकाम सिमलटार शुभम्

(२ सङ्ख्या)

श्रीसाम्बशिव

स्वस्ति श्रीश्वरचरणसरोरुहस्मरणेत्यादिश्रीमद्रामचन्द्रोद्भवसदासमाराधितसाम्बशिवलक्ष्मी-नारायणश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीश्रीश्रीश्रीमन्हरकुमारदत्तसेनदेवानां सदा समरविजयिनाम्——

आगे धन्जै पाध्याको शालक ४०१ चार सय एक रुपैया हजुर लागलसे रुपयामह १२० मरी खेत कलास्ति माडिमह दुर्गै पाध्याक वितामध्ये बाधा बकस मरल आपना बाधा जानि अम्बल करहु पाहु आशीर्वाद देहु.

मिति संवत १८३२ रोज ६ मुकाम तन्हुँ सुभम्

(३ सङ्ख्या)

श्रीसांवशिव श्रीलक्ष्मीनारायण सहाये

स्वस्ति श्रीश्वरचरणसरोरुहस्मरणेत्यादिश्रीमद्रामवंशोद्भवसदासमाराधितसाम्बशिवलक्ष्मी-नारायणश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीश्रीश्रीहरकुमारदत्तसेनदेवानां सदा समरविजयिनाम्——

आगे बालै नहर्कि काशिराम नहर्किके बाधा बकसल भैन आ १ चौरका फलडाडामध्ये बालै नहर्किके आपन घड्यारी काशीरामके बकस भइल . तेकर मोल रुपञ्या १३१ अक्षरेपि एक सैय एकतिस सिक्काके बकस भैल . आपना बाधा जानि अम्बल करहि बसहि बसावहि पाहि सेवाम्ह रुजु रहहि जब रुपया देव तब बाधा छुटै .

संवत १८३३ आश्विनसुदि ४ रोज ४ मुकाम तनहुं शुभम्

(४ सङ्ख्या)

श्रीसांवशिव श्रीलक्ष्मीनारायण सहाय

स्वस्ति श्रीश्वरचरणसरोरुहस्मरणेत्यादिश्रीमद्रामचन्द्रोद्भवसदासमाराधितसाम्बशिवलक्ष्मी-नारायणश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीश्रीश्रीमत्हरकुमारदत्तसेनदेवानाम सदा समरविजयिनाम्——

आगे बालै थपलियाके माटो बाधा बकस भयो . पुकोट माडि धौरालिफाटमध्ये तिस-मुन्या खेत मुरि ३० तेकर रुपैया ६० सिकापर लगापातसमेत बाधा बकस भयो . जब रुपया देव तब बाधा छुटि . आपनु जानि अम्बला करहु पाहु सेवामा रुजु रहु .

संवत १८३५ मिति आश्विनवदि ७ रोज १ मुकाम तनहुँ सुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(५ सङ्ख्या)

स्वस्ति श्रीश्वरचरणसरोरुहस्मरणेत्यादिश्रीमद्रामचन्द्रवंशोद्भवसदासमाराधितसाम्बशिवलक्ष्मीनारायणश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीश्रीश्रीमद्धरकुमारदत्तसेनदेवानां सदा समरविजयिनाम्——

आगे हरिवंश नैसिके साइलाटार आपनु मिर्दो जसिवेत घर्ति वृषजित आलेले कमायाको सोहरा बाँधा बकसल मुरि ३ विजन्य तेकर रुपैआ सिका ५० अक्षरेपि पचास . जब रुपै दे तव बाधा छुतै . बाधा जानेकौ अपने अम्बल करहु सेवामा रुजु रहु.

संवत १८३७ मिति जेष्टसुदि मुकाम बन्दिपुर शुभम्——

(६ सङ्ख्या)

श्रीसाम्बशिव श्रीलक्ष्मीनारायणे सहाय

स्वस्ति श्रीश्वरचरणसरोरुहस्मरणेत्यादिश्रीमद्रामचन्द्रवंशोद्भवसदासमाराधितसाम्बशिवलक्ष्मीनारायणश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीश्रीश्रीमद्धरकुमारदत्तसेनदेवानाम् सदा समरविजयिनाम्——

आगे भवानीशंकर उपाध्यायके बाधा बकस भयो . कलेस्ति माडिमध्ये आपनु षायेलमध्ये आफ्ना साँधथैको अम्बोटन्छा षेत मुरि ६० औ फेदिको षेत मुरि २० जम्म षेत मुरि ८० अक्षरेपि षेत मुरि अषि तेकर मोल रुपैया ४०० सिक्का अक्षरेपि चार सय तेकर लगा डिहिसमेत बकसल . जव रुपया देव ताव बाधा छुटै . आपन बाधा जानि अम्बल करहु षावहु सेवामा रुजु रहु .

संवत १८३८ साल फाल्गुणवदि ४ रोज ६ मुकाम ताकुं सुभम्

(७ सङ्ख्या)

स्वस्ति श्रीश्वरचरणसरोरुहस्मरणेत्यादिश्रीरामचन्द्रवंशोद्भवसदासमाराधितसाम्बशीवलक्ष्मीनारायणश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीश्रीश्रीमद्धरकुमारदत्तसेनदेवानाम सदा समरविजयिनाम्——

आगे वलभद्र गोलिके बाँधा बकसल . ज्याम्रुकमध्ये महारुद्र अधिकारिको पा यल षेत मुरि ५० औ षवारी बोघामध्ये षेत मुरि २० तेकर रुपैया शिक्का ३२७ अक्षरेपि तिन सय सताइस तेकर हिजो बाँधा षायामध्ये रहलपहल् डिहि लग्गासमेत बाँधा कैके बकसल . आपने बाँधा जानिके अंबल करहु षाहु बसहु बसाहु आसिर्वाद देहु .

मिति सम्वत १८३९ मार्गवदि ४ रोज १ मुकाम् गोलडाडा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि. सं. १८०२ को जग्गाबन्धकीसम्बन्धी तमसुक

—दिनेशराज पन्त

अप्रकाशित यो पत्र परराष्ट्रमन्त्रालयमा १७ सङ्ख्याको पोकोमा छ। यस सकल पत्रको लम्बाइ ८ अङ्गुल र चौडाइ ७.४ अङ्गुल छ।

श्रीदुर्गा १

श्रीधनिकन

पत्र सहि

१. स्वस्ति श्रीसाके १६६७ मासे ५ दिनगता १२ थाँगसिगका
२. लछिमन जैसि पर्जापति जैसिले अचल थापाका रुपिया
३. लिया सय चौध सय महिन्द्रमलि लिया तिनु रुपियामधे
४. सात बिसको पेत दिया अचल थापालाइ दिया आज तिनु रु-
५. पियामधे लिषिदिया तेहि माटो दिया जुरा बढो रु-
६. पिया दिया रुपिया लिनु जुरा वढ रुपिया नदिया माटो
७. पव बाभनको लाग नास्ति नास्ति इन बातका साछी इया-
८. प्या षत्रि अकवर थापा भिमराज विस्ठ नारायण पाध्या इस्वो-
९. र तिवारि लिपक साँछि तुलाराम पाँडे सर्वथा सुभं—

राम सुंधुले श्री ५ राजेन्द्रविक्रम शाहलाई वि. सं. १८९७ मा लेखेको अर्जी[1]

—रामजी तेवारी

श्री

१. अर्जी— — — — — — — — — — —
२. उप्रांत हजुरवात कार्तिकसुदि ११ रोज ५ मा[2] बक्सी पठाउनुभयाको चिथि मंसिरव-

---

१. यो अर्जी मेरो सङ्ग्रहमा छ।
२. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८९७ कार्तिकशुक्ल

गते	वार	तिथि	घडी	पला
कार्तिक २२	वृहस्पति	११	५५	१२

(पात्रोबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३. दि १३ रोज ७ मा[3] आईपुग्यो सिर चह्राओं. फेर मंसि मंसिरवदि रोज ३ मा.[4]
बक्सी प-

४. ठाउनुभयाको मंसिरसुदि ३ रोज ६ मा[5] आईपुग्यो सिर चह्राओं. हजुर. चिथि

५. भन्या अम्वाले सबै षोलि हेरि पठाईदियो. हजुर. उत्रा चन्हाई पठाउंनुपर्छ भ-

६. नि अम्वास विंति गर्दा हालिदियोन. हजुर. अर्जी चन्हाई पठाउं भन्या कोहि

७. आउन्या नहुंदा धिल हुनु गयो. हजुर. चिनिञा र अंगरेजको कोंतौमा लडा-

८. ञी भयाको कुरा. भोट्या भारादारहरुले भन्या हो भंछ. चिनिञां भारादारले

९. भन्या अम्वालाई लडाञी भयो भंन्या चिथि आईपुग्योन भंछ. भोट्या भारा-

१०. दारहरुले भन्या लडाञी भयो भंन्या चिथि अम्वालाई आउंदैन भन्छ. हजुर.

११. चिनिञा र लोवा भंन्याहरुसंग पनि लडाञी भैरह्याको छ भंछ. ताया पां-

१२. बाहरुको झगरा पनि छिनियाको छैन. लावधंलिगा काजि पनि फर्कि आ-

१३. याको छैन. हजुर. भोट्याहरुको सौगात सालिंदा आउनुपर्दैन बाटो-

१४. मा दाकु पर्छ. गारो हुंछ. पाच वर्षमा आउंनु भनि चिनबादसाहबाट

१५. बंदोवस्त गरिदियो भंछ. सालिंदा जानुपर्दैन भंछ. अरु राजाहरु सबै

१६. चिनको ताबेदार जति छ उनिहरुलाई पनि सालिंदा आउंन्याहरु प-

---

३. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

	वि. सं. १८९७ मार्गकृष्ण			
	गते	वार	तिथि	घडी	पला
मार्ग	८	७	१३	५४	७

(पात्रोबाट)

४. मूलमा मंसीरवदि ३ रोज ३ भनी लेखिएको छ। तर मार्गकृष्णतृतीयामा मङ्गलवार नभई बृहस्पतिवार हुन्छ। यस कारण रोज ५ लेख्नुपर्नेमा भूलले रोज ३ लेखिएको देखिन्छ।

५. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

	वि. सं. १८९७ मार्गशुक्ल			
	गते	वार	तिथि	घडी	पला
मार्ग	१४	शुक्र	३	१५	४३

(पात्रोबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१७. नि वर्ष २ मा आउनु भनि बंदोवस्त गरिदियो भंछ. हजुर पोताला लामा-
१८. ज्यू पनि थेकाना भयो. ल्हासा ल्याउनु मात्र थेकाना भयाको छैन. हजुर. पडका.
१९. झोवुं थांवा भन्याका सोकपुको लामा ल्हासा आउनाकन आउन्याको थांवा दा-
२०. कुले ऐक करोवर रुपैञा जतिको लुति लियो भंछ. हजुर. भोटबात कलक-
२१. ट्टा गयाको कुरामा दिगर्चा लामाज्यूलाई पनि वात लाग्यो. अरू जान्याहरु-
२२. लाई पनि सजाई गऱ्यो. कलकट्टा जान्या वाती तिंकेझोमा पनि बंध गर्न्या मोहर
२३. गयो. हजुर परिदार वालकृष्ण मिश्रलाई छेकनुन नगर भनि मर्जी भै आ-
२४. यो सिर चह्राञों. छोरिदिञों २।३ दिन थुनियाको हो. पानुपीनु हुंदैन भनि वं-
२५. ध गऱ्याको पनि छैन. हजुर यकहोर कुरामा म सेवक मनुं नपावस. तेरो कु-
२६. रा केहि छ भन्या विति गरि पठाउ भ मर्जी भै आयो. हजुर परिदार वालकृ
२७. मिश्रको कुराबेहोरा पछि विति गरि पठाउंला. म सेवकमाथि मेहर प्रसं-
२८. न हुनुहोला. प्रभु. आहांको काजकाजमा म सेवकको बुद्धिले भेत्यासम्ममा
२९. निमकको सोझो तहलमा हाजिर रुजु छौ. अर्जीपत्रमा जान अजान भया
३०. मेहेर प्रसंन हुनु होला आफु प्रभु सर्वज्ञ हुनुहुंछौ. —

१. ईत सेवक राम सुंधुको कोटि सेवा साष्टाग दण्डवत् सलाम..
२. किमधिकं ईति सम्वत् १८९७ साल मिति माघसुदि १ रोज ७[६] मुकाम...

---

६. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८९७ माघशुक्ल

गते	वार	तिथि	घडी	पला
माघ १२	शनैश्चर	१	४३	४

(पात्रोबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तनहुँका गुणानन्द पन्तलाई लेखिएका ४ वटा अप्रकाशित पत्र

—महेशराज पन्त

यहाँ तनहुँका गुणानन्द पन्तलाई लेखिएका ४ वटा अप्रकाशित पत्र दिइएका छन् । यिनमा पहिलो लम्जुङे राजा वीरमर्दन शाहको, दोस्रो पाल्पाली राजा दोस्रा मुकुन्द सेनको, तेस्रो श्री ५ रण-बहादुर शाहको, चौथो तनहुँ नेपालमा मिलेपछि रामनगरमा गएर बसेका तनहुँका पदच्युत राजा हर-कुमारदत्त सेनको हो ।

यी पत्रका श्रीरामजी तेवारीले सार्नुभएका नकल पिताजी पं. नयराज पन्तको सङ्ग्रहमा छन् । पिताजीले श्रीटुकराज मिश्रमार्फत यी पत्रका नकल पाउनुभएको हो ।

(१ सङ्ख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुधावलिविराजमानमानोन्नत-श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमद्वीरमर्दनसाहदेवानाम सदा समरविजयिनाम्

स्वस्ति श्रीगुणानन्द पन्तलाइ विधाको मोहर वक्स भयो . तन्हौं सँगको कुरा हुँदा गुणानन्द पन्तलाई मात्र हाल्नु . यस बातको पिछो मैले लियाँ .

मिति फाल्गुणवदि ५ संवत् १८३१ शुभम्

(२ सङ्ख्या)

स्वस्ति श्रीसोरचरणपूर्वकरुपनारायणेत्यादिविविधविरुधावलिविराजमानमानोन्नतश्रीश्रीश्री-महाराजाधिराजश्रीश्रीश्रीमन्मुकुन्दसेनदेवानाम् सदा समरविजयिनाम्

श्रीगुणानन्द पन्तके प्रणामपूर्वकपत्रमिदं . तिमी हमारा इष्ट ब्राह्मण होउ . हमारा यहाको तिमीलाई इच्छै छ . तुमरो पनि हामीकन इच्छै छ . तिमी यहा आव . तिमी हामी वसउला र जसो वन्धा हौ तसो गराउला .

माघसुदि १२ मुकाम चुवी शुभम्

(३ सङ्ख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानोन्नतश्रीमन्म-हाराजेरणबहादुरसाहबहादुरशम्सेरजङ्गदेवानाम् सदा समरविजयिनाम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्वस्ति श्रीसर्वोपमाजोग्यत्यादि श्रीगुणानन्द पन्तके प्रमाणपूर्वकपत्रमिदं . यहा कुसल . तहा कुसल चाहिए . आगे यहाको समाचार भलो छ . पत्र आयो . अर्थ मालुम भयो . उप्रान्त हिजो-देखि पनि म चरणकै हुँ . आज पनि म चरणकै छु . तन्हौमा यञ्ज्यालसम्म थियाँ . आज र म उक्स्या . अब र मलाइ अर्ति बक्स्या जावोस् . तेही अर्तिले मेरो उद्धार होला भनि बिन्तिपत्र लेख्याछौ . उसै हो . हिंजो पनि हाम्रै थियौ . आज पनि हाम्रै छौ त यो पनि तिम्रै घर हो . आफ्नो घर जानि मोहर देखत कान्तिपुर आइपुग . तिम्रो बर्दास्ति हामि गरौँला . किमधिकम् .

मिति आश्विनवदि रोज सुकाम कान्तिपुर

(४ सङ्ख्या)

श्रीलक्ष्मीनारायणसहाय

काशी

स्वस्ति श्रीश्वरचरणसरोरुहस्मरणेत्यादिश्रीमद्रामचन्द्रवंशोद्भवसदासमाराधितसाम्बशिव-लक्ष्मीनारायणश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमतहरकुमारदत्तसेनदेवानाम सदा समरविजयिनाम्

स्वस्ति श्रीसर्वोपमाजोग्य श्रीगुणानन्द पन्तज्यूके प्रणामपूर्वकपत्रमिदं . यहा कुशल छ . तहा कुशल चाहिए . ने परमानन्द होए . पत्र आयो . अर्थ मालुम भयो . जोग्य लेख्यौ . तिमी भन्याका मेरै हौ . समयले टाडा पाऱ्यो र दस्तै भयो तपनि नाता कसै छुट्दैन . बाँकि – –जादा आया पनि भेट होला . अर्ति दिलाउला . आज पनि समयमाफिक अवसरमाको कृत्य अर्ति गरि पठाउ . किमधिकम् .

मिति मार्गवदि ५ रोज २ मोकाम रामनगर सुभम्

卐

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका । का. मे. अ. द. नं. १५५।२४९

कार्यालय-

संशोधन-मण्डल

१०/३७४ वट्टु सवलबहाल, काठमाडौं, नेपाल

वि. सं. २०३९ चैत्र

यस अङ्कको मूल्य रु. ६।-

मुद्रक-

प्रभात प्रिन्टिङ्ग प्रेस, ह्योडें, काठमाडौं